# डुङ्गेश्वर गाउँपालिका

डाँडापराजुल दैलेख

कर्णाली प्रदेश नेपाल

# आ. व. २०८१/०८२ को बजेट तथा कार्यक्रम

गाउँपालिका उपाध्यक्ष श्री कलावती न्यौपानेद्वारा

डुङ्गेश्वर गाउँपालिकाको गाउँसभाको १५ औ अधिवेशनमा प्रस्तुत संशोधन सहितको

# बजेट वक्तव्य

पेश गरेको मिति: २०८१ असार १० गते सोमबार

पारीत मिति:२०८१ असार २६ गते बुधबार

**"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"**

**श्रदेय सभा अध्यक्षज्यू,**

**प्रमुख प्रशासकीय अधिकृत तथा सभाका सचिवज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

**उपस्थित कर्मचारीहरु,**

डुङ्गेश्वरको विकास र समृद्धिको खाका सहित डुङ्गेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को अनुमानित आय, व्यय यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा आफूलाई निकै भाग्यमानी महसुस गहिरहेकी छु ।व्यवस्था परिवर्तनका लागी विभिन्न कालखण्डमा विरगती प्राप्त गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु । त्यस्तै घाइते, अपाङ्ग तथा वेपत्ता पारिएका व्यक्ति र उहाँहरुका परिवारप्रति उच्च सम्मान र सहानुभुति प्रकट गर्न चाहन्छु। निर्वाचनको माध्यमबाट हामीलाई डुङ्गेश्वर गाउँपालिकाको नेतृत्वदायी भूमिकामा पुर्याउन योग्दान गर्नुहुने मतदाता तथा सम्पूर्ण डुङ्गेश्वर बासीहरुमा आभार व्यक्त गर्दछु । संविधान र संघीयता कार्यान्वयनको क्रममा संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह गठन पश्चात स्थानीय तहहरुले आफ्नो आगामी आर्थिक वर्षको अनुमानित आय, व्यय र राजश्वको प्रक्षेपण गर्नुपर्ने संवैधानिक र कानूनी व्यवस्था अनुरुप आजको यो डुङ्गेश्वर गाउँपालिका गाउँसभाको १५ औ अधिवेशनमा डुङ्गेश्वर गाउँपालिकाको बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

सुशासन-सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको आधार भन्ने सोचका साथ **"सुशासन, कृषि, शिक्षा, पर्यटन र पूर्वाधारः डुङ्गेश्वर समृद्धिको मूल आधार"** भन्ने नारालाई आत्मसात गर्दै संविधानको मर्म र भावना अनुसार जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार भएकोले आम नागरिकहरुको गाउँपालिका प्रति विकास र सेवा प्रवाहको अपेक्षा धेरै हुनु स्वभाविक नै हो । तर निश्चित स्रोत र साधनको उपलब्धताको कारण एकैपटक सवै अपेक्षाहरु पुरा नहुन सक्छन । विगत दुई आर्थिक वर्ष देखि देशमा परेको आर्थिक शंकटबाट हाम्रो पालिका पनि अछुतो रहन सकेन यस विसम परिस्थितिमा सवै नागरिकहरुका आकांक्षालाई क्रमशः पुरा गर्दै लैजाने वाचा गर्दै आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट मार्फत धेरै जसो अपेक्षा सम्वोधन गर्ने जमर्को गरेको छु ।

**सभा अध्यक्षज्यू,**

अब म डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमको सोच लक्ष्य उद्देश्य र अपेक्षित उपलब्धिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**सभाअध्यक्ष महोदय,**

मैले यो बजेट तथा कार्यक्रम तर्जुमा गर्दा देहायबमोजिमका नीति कानूनहरुलाई बजेट तर्जुमाका आधारहरुको रुपमा लिएको छुः

१. **समग्र नीति तथा आधारहरुः**

- राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- संविधान प्रदत्त मौलिक हकहरु,
- संघीयता कार्यान्वयन,
- समावेशी र दिगो विकास,
- आर्थिक तथा वित्तिय आत्मनिर्भरता,
- गरिवि निवारण र रोजगारी सिर्जना,
- सुशासन प्रवर्द्धन,
- सेवा प्रवाहमा सुधार,
- नागरिकमैत्री शासन,
- उत्पादकत्व बृद्धि,

**<u>आर्थिक क्षेत्रः</u>**

सिंचाई विस्तार, कृषि भूमिको सही उपयोग, आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण र बजारीकरण गर्दै पालिकालाई आत्मनिर्भर र किसानलाई समृद्ध गराउन, सार्वजनिक निजी र सहकारी माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि रोजगारी सृर्जना, गरिबी निवारण र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने, सामाजिक सुरक्षा कार्यक्रम मार्फत श्रमिकहरूको हक

संरक्षण गर्दै स्थानीय पुँजीको सङ्कलन उद्यमशिलताको विकास, उत्पादन वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारणमा जोड दिइएको छु ।

**सामाजिक क्षेत्रः**

पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्था, स्वास्थ्य चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिकहकको कार्यान्वयन गर्न, प्रत्येक नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी, सरसफाईको व्यवस्था मार्फत सफा, सुन्दर र सभ्य पालिका निर्माण, गुणवान र सक्षम नागरिक तयार गर्न शिक्षा सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्दै सामुदायिक शिक्षालाई गुणस्तरीय, सीपमूलक र जीवनउपयोगी बनाउन, युवाहरूको सर्वतोमुखी विकासका लागि नीतिगत संरचनात्मक एवं स्रोत व्यवस्थापन गर्दै उनीहरूलाई विकासका साझेदारीमा सहभागि गराउने व्यवस्था गरेको छु ।

**पूर्वाधार क्षेत्रः**

सडकमा सहज आवागमन अर्थतन्त्रमा गतिशिलता सेवा एवं आपूर्ति व्यवस्था सुनिश्चित गर्न दिगो यातायात पूर्वाधारको विकास गर्न, विद्युत उत्पादन र खपत बढाउने, आधुनिक उर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नविकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा सहजता तथा रोजगारी, आय वृद्धि र पर्यावरण संरक्षण गर्ने व्यवस्था मिलाएको छु ।

**वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः**

जलवायु परिवर्तनका प्रतिकुल प्रभावबाट समुदायलाई सुरक्षा र पर्यावरणको संरक्षण गर्न विकास र वातावरण बीच सन्तुलन कायम गर्न, हरित विकासलाई प्रवर्द्धन गर्न,जलवायु उत्थानशिलताका विषय र पक्षहरूलाई प्राथमिकता दिइएको छ ।

**सुशासन तथा सेवा प्रवाह क्षेत्रः**

मानव अधिकारको सम्मान सामाजिक न्यायको प्रत्याभूति र सामाजिक सौहार्दता, जातिय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्दे विगत अनुभवबाट सुशासन विकास तथा समृद्धिको क्षेत्रमा उजागर भएका समस्या र सिमालाई सम्बोधन गर्न प्रभावकारी कानूनी, संरचनागत सुधार तथा समन्वय गरिनेछ ।

**"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"**

**सभाअध्यक्ष महोदयः**

अब म चालु आर्थिक वर्ष २०८०/०८१ को समिक्षात्मक प्रगति प्रस्तुत गर्न चाहन्छु ।डुङ्गेश्वर गाउँपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ का लागि डुङ्गेश्वर गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनबाट प्रस्तावित कुल बजेट **३९ करोड १८ लाख ७४ हजार ७ सय ६३ रुपैया** मध्ये चालु आर्थिक वर्षको हालसम्मको संघीय सरकारवाट, प्रदेश सरकारवाट र आन्तरिक आय रु. ३० करोड ७ लाख ५२ हजार २ सय ४० प्रतिशतमा ७७ निकासा भएकोमा चालु तर्फ रु २१ करोड ९५ लाख ७६ हजार ५ सय ६९ खर्च भई ८४ प्रतिशत र पुंजीगत तर्फ रु ५ करोड ६० लाख २ हजार ६ सय ६९ खर्च भई ५३ प्रतिशत खर्च भएको छ भने आन्तरिक आय करिव ८७ प्रतिशत संकलन भएको छ ।

**सभाअध्यक्ष महोदय,**

**गाउँ सभा सदस्यज्यूहरु,**

गत गाउँ सभाबाट स्वीकृत चालु आ.व. २०८०/०८१ को नीति, बजेट योजना तथा कार्यक्रमका आधारमा यस गाउँपालिकाले २०८१ असार ७ गतेसम्म गरेका कामहरुको संक्षेपमा समिक्षा गर्ने अनुमति चाहन्छु ।

**शिक्षा,युवा तथा खेलकुद शाखाः**

- विद्यालयमा सञ्चालित तह र विद्यार्थी संख्याका आधारमा शिक्षकको दरबन्दी मिलान तथा आधारभूत तहमा ३ र माध्यमिक तहमा २ दरबन्दी थप गरिएको साथै विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ,सामुदायिक विद्यालयका आई.टि.स्रोत शिक्षकहरुका लागि क्षमता विकास तालिम, सामुदायिक विद्यालयमा अध्ययनरत ११३१ जना प्रारम्भिक उमेर समूहका बालबालिकाहरुमा अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने कार्य सम्पन्न भएकोछ ।
- शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम तथा प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीका लागि लेखा व्यवस्थापन तालिम, सामुदायिक माध्यमिक विद्यालयहरुका अभिभावकहरुका लागि अभिभावक शिक्षा तथा अन्तरक्रिया तालिम सम्पन्न सम्पन गरिएकोछ।साथै कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम हाम्रो डुङ्गेश्वर पहिचान निर्माण,शिक्षा नीति २०८१ को मस्यौदा निर्माण,शिक्षकको पेसागत सहयोगका लागि १२ वटा विद्यालयमा विज्ञ समूह सहित कक्षा अवलोकन,नमूना पाठ प्रदर्शन, पृष्ठपोषण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएकोछ।साथै पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा अध्यक्षकप सम्पन्न तथा १४ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएकोछ।

**स्वास्थ्य शाखा तर्फः**

- स्वास्थ्य चौकीहरु ४ सामुदायिक स्वास्थ्य इकाई केन्द्रहरु ३ जम्मा ७ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्रदान भईरहेको।साथै १६ वटा खोप केन्द्र र १२ वटा गाउँघर क्लिनिक बाट नियमित मासिक रुपमा गाउँघर क्लिनिक र खोप सेवा प्रदान गरिरहेकोछ ।
- नियमित मासिक रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली को व्यवस्थापनका लागि स्वास्थ्य संस्थाहरुको मासिक प्रगती प्रतिवेदन मार्फत क्षयरोगीका बिरामीहरुको डाटा प्रविष्ट गर्ने कार्य र बिरामीलाई औषधी उपचारको नियमित व्यवस्था गरिएको छ।साथै कोभिड-१९ बिरुद्ध खोप,टाईफाईट खोप,दादुरा रूवेला, आई.पि.भि. खोप कार्यक्रम सञ्चालन गरिएकोछ।
- स्वास्थ्य संस्थामा अभिलेख तथा प्रतिवेदनको गुणस्तरका लागि अनसाईड कोचिङ्ग RDQA कार्यक्रम संञ्चालन,पाठेघरको क्यान्सर सम्बन्धी शिविर सञ्चालन,परिवार नियोजनको अस्थायी साधन इम्पलान्टको सेवा बेलपाटा स्वास्थ्य चौकी र डाँडापराजुल स्वास्थ्य चौकीमा विस्तार गरिएकोछ।आमा सुरक्षा कार्यक्रम अन्तर्गत नियमित रुपमा सुत्केरी महिलाहरुका लागि यातायात खर्च र गर्भवती प्रोत्साहन बापतको रकम प्रदान गरिएकोछ ।
- E-bidding तथा कोटेशन मार्फत औषधि खरिद गरिएकोछ।साथै यस डुङ्गेश्वर गाउँपालिकाबाट औषधी उपचार वापत पाउने उपचार खर्चका लागि २४ जना विरामीलाई उपलब्ध गराइएको छ भने विपन्न नागरिक औषधी उपचार कोष निर्देशिका बमोजिम विपन्न नागरिकलाई आवश्यक सहयोग एवं सहजिकरण गरिएको छ।

- भिडियो x-ray सेवा डाँडापराजुल स्वास्थ्य चौकीमा नियमित सञ्चालन भएको र त्रैमासिक रूपमा सबै स्वास्थ्य संस्था शिविर संचालन गर्नुका साथै नि:शुल्क रुपमा सबै गर्भवती महिलाहरुलाई क्याल्सियम वितरण भइरहेको।
- गर्भवती सुत्केरीलाई पोषिलो आहार तथा कपडा वितरण कार्य सम्पन्न भएकोछ। साथै प्रदेश सरकारको विनियोजित रकममा सुत्केरी पोषण कोशेली कार्यक्रम सञ्चालन गरिएकोछ।

**प्रशासन शाखाः**

- प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखाको शाखा प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी दैनिक सेवा प्रवाहलाई थप व्यवस्थित तथा प्रभावकारी बनाइएकोछ भने डुङ्गेश्वर गाउँपालिकाको रिक्त पदमा नियमानुसार प्रदेश लोकसेवा आयोगमा विज्ञापनका लागि माग गरिएको छ। साथै करार सेवाबाट पदपूर्ति गर्ने पदमा विज्ञापन गरी समयमा परीक्षा सञ्चालन गरी कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्त दुरूस्त राखिएकोछ।

**सूचना प्रविधि शाखाः**

- अनलाइन प्रणालीबाट गाउँपालिका र वडास्तरबाट राजस्व संकलन प्रणाली लागु गरिएको छ जसले गर्दा सूचना प्रविधिको क्षेत्रलाई थप प्रभावकारी गरिएको छ । ।
- गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरू र ६ वटा माध्यामिक विद्यालयहरुकमा इ-हाजिरी नियमित रुपमा संचालन भएको, योजना सफ्टवेयर, वडा सिफारिस संघ संस्था दर्ता सफ्टवेयर लागु गरी डिजिटल पालिका बनाउने अभियानलाई जोड दिइएको छ ।
- स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन (LISA), स्थानीय तह वीत्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), स्थानीय आर्थिक विकास मूल्याङ्कन (LED) वित्तीय आयोगको कार्य सम्पादन सूचक अनलाइन पोर्टल तथा अन्य अनलाइन System हरुको मूल्याङ्नलाई व्यवस्थित गर्दै उत्कृट नतिजामुखि भएको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाः**

- आ.व.२०८०/०८१ मा २९२० जना लाभग्राहीको नवीकरण, ४३० जना नयाँ लाभग्राहीको दर्ता गरी लाभग्राहीको संख्या ३ हजार १ सय ५५ कायम हुन आएकोमा हालसम्म रू.७ करोड २२ लाख १८ हजार ८ सय ९० रुपैया विधुतिय भूक्तानी प्रणाली (EFT) मार्फत लाभग्राहीको वैङ्क खातामा सामाजिक सुरक्षा भत्ताको रकम जम्मा गरीएकोछ।
- व्यक्तिगत घटना तर्फ वार्षिक ८१२ वटा घटनाहरु व्यवस्थापन सुचना प्रणाली मा दर्ता भएको जसअन्तर्गत ३९७ जन्म, १४५ मृत्यु ,१८५ विवाह, १५ सम्वन्धविच्छेद तथा बसाइसराई अन्तर्गत ३१ जना वसाइसरी यस गाउँपालिका भित्र आएका र १८३ जना वसाइ सरी अन्यत्र गएका छन्।

**योजना तथा अनुगमन शाखा/पूर्वाधार विकास शाखाः**

- सम्झौता भएका कुल १०२ वटा, कार्यसम्पन्न ८६ वटा र कार्यसम्पन्न हुन बाँकी १४ वटा योजना रहेका छन्। साथै गाउँपालिकाको नयाँ प्रशासकीय भवन सम्पन्न भई दैनिक प्रशसाकीय कार्य तथा सेवा प्रवाह शुरू गरिएको छ।
- प्रत्येक वडा कार्यालमा योजना सम्झौता तथा भुक्तानीका लागि घुम्ती शिविर,योजना व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएको साथै रकचना खानेपानी योजना सम्पन्न गरी समुदायस्तरमा हस्तान्तरण गर्ने कार्य सम्पन्न भएकोछ।
- यस आ.व.मा विभिन्न कारणले कोटाफेरा पर्यटकीय क्षेत्र विकास योजना र १० शैयाको अस्पताल गरी २ वटा बोलपत्र आव्हान हुन सकेन।

**रोजगार सेवा केन्द्रः**

- यस केन्द्रबाट प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ कुल १२ वटा र मुख्यमन्त्री रोजगार कार्यक्रम तर्फ ५ वटा गरी जम्मा १७ वटा योजना सम्झौता भएकोमा प्रधानमन्त्री कार्यक्रम तर्फ १ वटा योजना भुक्तानीको प्रक्रियामा रहेको छ। यस आ.व.मा सेवा केन्द्रबाट २६३ जना लांभावित भएका छन् भने माथि उल्लेखित योजनाहरूमा रू.१ करोड ३५ लाख १२ हजार बजेट विनियोजन भएकोमा हालसम्म जम्मा बजेटको ९५ प्रतिशत बजेट खर्च भएकोछ। साथै यस सेवा केन्द्रबाट श्रम स्वीकृतिका लागि ११जनालाई सहजिकरण गरिएकोछ।

**कृषि विकास शाखा तर्फः**

- फलफूल बगैंचा भएका २०० जना कृषकलाइ फलफूल खेती प्रविधी सम्बन्धी स्थलगत तालिमका साथै फलफुल खेतीका लागि आवश्यक औजारहरू वितरण गरिएकोछ। २३० जना कृषकलाई च्याउ खेती प्रविधी सम्बन्धी तालिम दिइ १३५० पाकेट कन्ये च्याउको बिउ र ७१ के.जि डल्ला बनाउने प्लाष्टिक कृषकलाई वितरण गरिएकोछ। साथै तरकारीको बिउ (प्याज, रायो, केराउ, फर्सी भाण्टा, खुसार्नी मुला काउली बन्दा टमाटर वडा नं १ देखि ६ का करिव ४५०० जना कृषकलाई वितरण गरिएको।
- कृषकहरुको खेतवारीमा देखा परेका विभिन्न रोग र हानिकारक किरा नियन्त्रणको लागी दुशिनासक र किटनासक विषादी कृषकलाई वितरण गरिएकोछ। साथै डुङ्गेश्वर गाउँपालिका वडा नं.३ र ५ मा आलु बाली पकेट विकास कार्यक्रम संचालन गरिएकोछ।

**<u>पशुपंक्षी विकास शाखाः</u>**

- नियमित रूपमा ८११७ वटा पशुपंक्षीको उपचार र १०५०० वटा बाख्रालाई पि.पि.आर.खोप कार्यक्रम सम्पन्न,वडा नं.२ र ३ मा एक/एक वटा पशु स्वास्थ्य शिविर सम्पन्न गरिएकोछ। साथै १४१ वटा गाई/भैंसी/बाख्रामा कृतिम गर्भाधान गरिएको छ भने वडा नं.२ मा जमुनापारी क्रस जातका ९ वटा बोका वितरण गर्ने कार्य सम्पन्न भएको।

**राजस्व शाखाः**

- यस शाखाबाट आ.व.२०८०/०८१मा हालसम्म गाउँपालिका र वडा कार्यालयबाट रू.२२ लाख ३५ हजार ९ सय १५ रूपैंया ६७ पैसा राजस्व संकलन भएकोछ।

**<u>न्यायिक समितिः</u>**

- न्यायिक समितिमा जम्मा ७ वटा उजुरी दर्ता भएका र सबै उजुरी माथि छलफल भइरहेकोछ।

**<u>महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखाः</u>**

- यस शाखाबाट अपाङ्गता भएका ४२ जना र जेष्ठ नागरिक ६ जनालाई परिचयपत्र वितरण गरिएकोछ। साथै बैंक खाता जीवन भरिको सुरक्षा कार्यक्रम अन्तर्गत जम्मा ७७ जनालाई सिफारिस गरिएकोछ।
- यस शाखाबाट विभिन्न दिवसीय र सचेतना मुलक कार्यक्रम सञ्चालन गरिएको छ भने आनाथ,अपाङ्गता भएका विद्यार्थीहरूलाई झोला र स्टेस्नरी सामाग्री वितरण कार्यक्रममा अनाथ बालबालिका २१ जना र अपाङ्गता भएका बालबालिका १८ जना गरी जम्मा ३९ जनालाई सामाग्रीहरू वितरण गरिएकोछ।

**<u>उद्यम विकास शाखाः</u>**

- उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयबाट बाणिज्य तर्फका २७७ र लघु उद्यम तर्फ ८८ गरी जम्मा ३६५ वटा हस्तान्तरित फाईल प्राप्त भएकोमा यस शाखाबाट बाणिज्य तर्फ १५ ,लघु उद्यम तर्फ २६ वटा साथै नविकरण १८ वटा र पुंजीवृद्धि ४ र १ वटा खारेजीको लागि सिफारिस गरिएकोछ।
- वडा नं.१ मा पञ्चेबाजामा १२ जना सहभागी,वडा नं.४ मा सिलाई कटाईमा ९ जना र वडा नं.५ मा तरकारी खेतीमा १२ जना सहभागी गरी जम्मा ३३ जनालाई सीप विकास तालिम सम्पन्न गरिएकोछ। साथै उद्यमी र वित्तिय प्रदायक संस्था बीच र उद्यमी र क्रेताबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरी उद्यमीको व्यवसाय स्थापना गरिएकोछ। यस गाउँपलिकामा उद्यमीले निर्माण गरेका सामाग्रीहरू दैलेख महोत्सवमा प्रर्दशनी गरिनुका साथै स्तरउन्नतीको लागि उद्यमीलाई ६ नं.वडामा बास हस्तकला सामाग्री निर्माण तालिम र वडा नं.३ मा होजिहारी तालिम लिएका उद्यमीलाई आवश्यक सामाग्री हस्तान्तरण गरिएकोछ।

**सभाअध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८१/०८२ बजेट तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकता यस गरिमामय गाउँ सभामा पेश गर्ने अनुमति चाहन्छु ।

**१. उदेश्यहरुः**

- उत्पादन र उत्पादकत्व बृद्धि गरी डुङ्गेश्वर गाउँपालिकाको उच्च र दिगो आर्थिक वृद्धि हासिल गर्ने
- गाउँपालिकामा उपलब्ध स्रोत साधन श्रम पुंजी र प्रविधिको प्रयोग र परिचालन मार्फत रोजगारी सिर्जना र गरिवी निवारण गर्ने

**"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"**

- संघ र प्रदेश संगको समन्वय र सहकार्यमा विकास निर्माणका क्रियाकलापहरु संचालन गरी समृद्ध डुङ्गेश्वर निर्माण गर्ने
- गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभूत गर्ने
- सार्वजनिक खर्चको प्रभावकारीतामा अभिबृद्धि गर्ने

२. **बजेटका प्राथमिकताहरु निम्नानुसार रहनेछनः**

- कृषि क्षेत्रको सुधार तथा रुपान्तरण
- उत्पादन र उत्पादकत्व वृद्धि
- रोजगारी सिर्जना र गरिबी निवारण
- स्थानीय आर्थिक र सामाजिक विकास
- मानव संसाधन, पूर्वाधारको विकास र पूजी निर्माण
- सुशासन र प्रभावकारी सेवा प्रवाह
- नागरिकमैत्री शासन र सेवामा सरलीकरण

**सभा अध्यक्ष महोदय,**

नेपालको संविधान जारी भएपछि मुलुकमा संघीयता कार्यान्वयन भई स्थानीय तहलाई प्रभावकारी रुपमा सञ्चालन र व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्देशित गरे  बमोजिम डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को बजेट पेश गर्ने अनुमति चाहन्छु ।

डुङ्गेश्वर गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका ऐनहरु स्वीकृति गरि कार्यान्वनमा ल्याईनेछ।

तपशिल

- डुङ्गेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०८१
- डुङ्गेश्वर गाउँपालिकाको आर्थिक ऐन, २०८१

**सभा अध्यक्ष महोदय**

**तथा गाउँ सभा सदस्य ज्यूहरु**

अब म आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय व्यय को विवरण पेश गर्ने अनुमति चाहान्छु ।

**अनुमानित आयः**

| आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय बजेट | | | |
|---|---|---|---|
| **संघिय सरकार** | वित्तीय समानिकरण अनुदान | ७ करोड ८४ लाख | कैफियत |
| | ससर्त अनुदान (चालु) | १५ करोड ७९ लाख १५ हजार | |
| | विशेष अनुदान | ० | |
| | समपूरक अनुदान | ७३ लाख | |
| | राजस्व बाँडफाड | ७ करोड ७४ लाख ९९ हजार ९ सय ९९ | |
| **प्रदेश सरकार** | वित्तीय समानिकरण अनुदान | ८३ लाख १ हजार | |
| | ससर्त अनुदान (चालु) | १ लाख ८० हजार | |
| | ससर्त अनुदान (पुजीगत) | ३ करोड ४८ लाख ४३ हजार | |
| | विशेष अनुदान | १ करोड | |
| | समपूरक अनुदान | १ करोड ९२ लाख | |
| | राजस्व बाँडफाड | ८ लाख ३३ हजार १ सय ७४ | |
| **स्थानीय तह** | आन्तरिक स्रोत | ३६ लाख | |
| | मौज्दात अनुमानित अल्या | १ करोड ६१ लाख | |

| | | |
|---|---|---|
| **कुल अनुमानित बजेट** | **४१ करोड ४१ लाख ७२ हजार १ सय ७४** | |

**सभा अध्यक्ष ज्यूहरु,**

**गाउँ सभा सदस्य ज्यूहरु,**

अब म आर्थिक वर्ष २०८१/०८२ मा संचालन गरिने मुख्य मुख्य क्रियाकलापहरुको को अनुमानित व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत विभिन्न आयोजनाहरुमा लागत सहभागिता साझेदारी जुटाउन समपूरक कोषका लागि रु. **<u>३ करोड १ हजार</u>** बजेट विनियोजन गरेको छु ।
- गत आर्थिक वर्षको अन्तिम किस्ता बापत निकासा बाँकी रकम नआएको कारणले चालु आर्थिक वर्षमा भुक्तानी गर्न बाँकी रहेका दायित्व सिर्जना भएका योजनाहरुको भुक्तानीका लागि रु १ करोड रकम विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको भू-उपयोग वर्गिकरण योजना २०८१ कार्यान्वयनको लागि रु. ४ लाख विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका अध्यक्ष कोष संचालन कार्यविधि २०७६ को अधिनमा रही कार्यक्रमहरु तथा योजना सम्पन्न गर्नका लागी रु. **<u>४० लाख</u>** बजेट विनियोजन गरी अध्यक्ष विकास कोषलाई निरन्तरता दिएको छु ।
- डुङ्गेश्वर गाउँपालिका कार्यलयबाट संचालन गरिने योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसूची मा उल्लेख गरेको छु ।
- वडाहरुको लागी बजेट विनियोजन गर्दा सबै वडाहरुलाई विनियोजन गरिएको **रु २ करोड ७० लाख रकम** मध्ये सुत्रमा आधारित भएर वडाको बजेट सिलिङ्ग निर्धारण गरिएको छ । साथै वडागत पुजीगत बजेटलाई अनुसूचि मा राखिएको छ ।

**सभा अध्यक्ष महोदय**

**गाउँसभाका सदस्यज्युहरु**

अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८१/०८२ का लागि क्षेत्रगत रुपमा विनियोजन गरेको बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**<u>आर्थिक विकास क्षेत्र</u>**

**<u>कृषि तथा पशुपंक्षी विकास तर्फः</u>**

- डुङ्गेश्वर गाउँपालिकाको उत्पादनका आधारमा किसानहरुलाई उत्कृष्ट किसान अनुदान तथा प्रोत्साहन कार्यक्रमका संचालन कृषक व्यवसायिक बनाउन तरकारी बाली, पकेट विकास कार्यक्रम आलुबाली पकेट कार्यक्रम, बाख्रा पालन पकेट कार्यक्रम, विभिन्न साझेदार निकाय सँगको साझेदारितामा प्रभावकारी बनाइने छ ।कृषिमा विउ वितरण तथा अन्य विभिन् कृषि सम्बन्धि कार्यक्रम संचालन गरी उत्पादकत्ममा जोड दिई आधुनिकीकरण यान्त्रिकिकरण विविधिकरण, कृषकलाई बिउ वितरण बजारीकरण गरिनेछ । कृषि तथा पशु विमा कार्यक्रमहरु साथै अन्य कृषि विकास क्षेत्रलाई विकास गर्नको लागि रु. **<u>१२ लाख</u>** बजेट विनियोजन गरेको छु ।
- पशु विकास अन्तर्गत नियमित औषधि खरिद, घाँस विकास कार्यक्रम, स्थलगत तालिम, पशु स्वास्थ्य शिविर, औषधी खरिद तथा वितरण, नस्ल सुधार कार्यक्रम, आकस्मिक उपचार लगायत जस्ता कार्यक्रमहरुको लागि **<u>पशुपंक्षी विकास तर्फ रु. ११ लाख</u>** बजेट विनियोजन गरेको छु ।

**उद्योग सहकारी तथा वन क्षेत्रः**

- डुङ्गेश्वर गाउँपालिकाको उद्योग विकासलाइ प्रभावकारी गराउनको लागि संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ । यसका लागि आवश्यक व्यवस्था मिलाएको छु ।

**सामाजिक विकास तर्फः**

**<u>शिक्षा, युवा तथा खेलकुद विकास तर्फः</u>**

- डुङ्गेश्वर गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकासका लागी रु १८ लाख विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको युवाहरुको लागि राष्ट्रपति रनिङ्ग शिल्ड, जिल्ला स्तरीय रनिङ्ग शिल्ड तथा अध्यक्ष कप खेलकुद लगायतका कार्यक्रमका लागि रु २५ लाख विनियोजन गरेको छु ।
- जेहेन्दार, उत्तपिडित, असाहाय, तथा गरिब छात्रछात्राहरुलाई प्राविधिक तथा विज्ञान विषय उपाध्यक्ष छात्रवृति कार्यक्रम संचालनका लागि रु **७ लाख** विनियोजन गरेको छु ।

- युवाहरूको सर्वतोमुखी विकासका लागि नीतिगत संरचनात्मक एवं स्रोत व्यवस्थापन गर्दै उनीहरूलाई विकासका मुख्य संवाहकका रूपमा अगाडी बढाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य सेवा तर्फः**

- गर्भवती जाँच र खोप कार्यक्रमलाई घुम्ती स्वास्थ्य शिविर मार्फत सेवा प्रदान गरिने व्यवस्था मिलाइएको छ ।गर्भवती तथा सुत्केरी महिलाहरुलाई निःशुल्क क्याल्सियम उपलब्ध गराइनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वमसेवीहरुलाई विगत देखि दिदै आएको खाजा खर्चलाई निरन्तरता दिएको छु ।
- डुङ्गेश्वर गाउँपालिकालाई स्वास्थ्य क्षेत्रको समग्र विकासको लागि रु १८ लाख विनियोजन गरेको छु ।
- सामुदायिक महिला स्वास्थ्य स्वमसेवीहरुको लागि अवकास कोषको व्यवस्था गरेको छु सोको लागि रु २ लाख विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाइः**

- पालिका भित्र रहेका सबै मुहानहरुको खानेपानी गुणस्तर परीक्षणका लागि पालिका स्तरीय ल्याबलाई स्रोत साधन सम्पन्न गराई सेवा प्रदान गरिनेछ साथै गाउँपालिका सबै वडाहरुलाई विभिन्न साझेदारी निकायहरुको सहकार्यमा पूर्ण सरसफाई कार्यक्रमहरु संचालन गरिनेछ ।

**वातावरण तथा विपद व्यवस्थापनः**

- डुङ्गेश्वर गाउँपालिकामा वातावरण तथा विपद व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष, र राहत तथा आर्थिक सहयोगको लागि रु ८ लाख बजेट विनियोजन गरेको छु ।

**विपन्न लक्षित वर्ग कार्यक्रम तर्फः**

- विपन्न महिला सम्बन्धी कार्यक्रम, महिला तथा बालबालिका कोष, विपन्न वालबालिका सम्बन्धी कार्यक्रम, दलित, अल्पसंख्यक वर्ग उत्थान कार्यक्रम, आदिवासी जनजाती सम्बन्धी कार्यक्रम, अनाथ बालबालिका लक्षित कार्यक्रम, फरक क्षमता भएका व्यक्तिहरुलाई समावेश गर्ने गरी लोकसेवा शिक्षक सेवा तथा अन्य सेवाका तयारी कक्षाहरु संचालन कार्यक्रम तथा अन्य उपलब्धिमूलक कार्यक्रमहरु संचालन गर्नका लागि रु **१८ लाख** बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकामा भाषा कला संगित प्रवर्द्धनसँग सम्बन्धी कार्यक्रमको लागि रु. २ लाख रकम बजेट विनियोजन गरेको छु ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फः**

- डुङ्गेश्वर गाउँपालकाको लक्षित वर्ग कार्यक्रम, महिला सशक्तिकरण जेष्ठ नागरिक एकल महिला अपाङ्गता भएका व्यक्तिहरुलाई शिविर संचालन गरी अपाङ्गगता भएका व्यक्तिहरुलाइ परिचय पत्र वितरण, मर्यादित महिनावारी प्रवर्द्धन छाउपडी, सामाजिक कुरिति बिरुद्ध सचेतनामुलक कार्यक्रम, महिला जनप्रतिनिधि र सरोकारवाला निकायहरुका लागी महिलाका कानूनी अधिकार सम्बन्धी तालिम तथा गोष्ठी संचालन गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका क्षेत्रमा विषयगत क्षेत्र कार्यक्रम अन्तर्गत महिला विकास तथा सशक्तिकरण कार्यक्रमको लागि **५ लाख** बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको प्रशासकीय भवन उद्घाटन, पालिका दिवस, महिला दिवस जस्ता दिवशीय कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाको ५५ वर्षमाथिका एकल पुरुष र ४० वर्ष माथिका अविवाहित एकल महिलालाई दिइदै आएको एकल सामाजिक सुरक्षा भत्ताको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**पूर्वाधार विकासः**

- डुङ्गेश्वर गाउँपालिकाको डुङ्गेल मन्दिरको बाटो निर्माणको लागि रु ५ लाख विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकामा नियमित रुपमा सडक मर्मत तथा सम्भारका लागि पिटौलीहरुलाई निरन्तरता को लागि रु ११ लाख विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकामा मदन आश्रित प्रतिष्ठानको भवन निर्माण क्रमागतको लागि रु २५ लाख बजेट विनियोजन गरेको छु ।
- माथिल्लो डुङ्गेश्वर बजार डाँडापराजुल प्रहरी चौकी जग्गा खरिदको लागि रु १० लाख विनियोजन गरेको छु ।

- डुङ्गेश्वर गाउँपालिका अन्तर्गत भविष्यमा संचालित आयोजनाहरुको विस्तृत परियोजना तथा वातावरणीय प्रभाव मूल्यांकन गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

**<u>सूचना प्रविधि तथा विद्युतिय शासनः</u>**

- कर्मचारी तथा जन प्रतिनिधिहरुको क्षमता विकासको लागी सूचना प्रविधि र विद्युतिय शासन सम्बन्धी तालिम संचालन गरिनेछ।
- गाउँपालिका तथा गाउँपालिका अन्तरगतका सरकारी निकायबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो छरितो विश्वसनिय गुणस्तरीय र प्रविधिमैत्री बनाउन सूचना प्रविधिको प्रयोगलाई बढवा दिइनेछ ।यसका लागी गाउँपालिकालाइ प्रविधि मैत्रि बनाउनको लागि विभिन्न किसिमका सफ्टोयर तथा अन्य प्रविधि सम्बन्धी कार्यक्रमहरु लागि रु ५ लाख विनियोजन गरेको छु ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः**

- मानव संशाधन विकास तर्फ क्षमता अभिवृद्धि र बृत्तिविकासको लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिका अन्तर्गतका प्रहरी चौकीहरुले शान्ति सुरक्षा तथा व्यवस्थापनका लागि रु ४ लाख विनियोजन गरेको छु ।

**न्यायिक विकास तर्फः**

- न्यायिक समितिका सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, मेलमिलापकर्ताहरुको पुनर्ताजकी तालिम, मेलमिलाप केन्द्र अनुगमन तथा व्यवस्थापन र गाउँपालिकामा ईजलास व्यवस्थापन गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिकामा न्यायिक क्षेत्रको विकास को लागि आवश्यक बजेट विनियोजन गरको छु ।
- डुङ्गेश्वर गाउँपालिका कर्मचारीहरुको निवृत्तिभरण कोषकल्याण कोष र कर्मचारी कल्याण कोषको लागि रु. २ लाख विनियोजन गरेको छु ।

**<u>जनप्रतिनिधि, कर्मचारी तथा कार्यालय व्यवस्थापन तर्फः</u>**

- सबै वडा कार्यालयहरुको कार्यालय संचालन तथा प्रशासनिक खर्चको लागि प्रत्येक वडामा ७ लाखका दरले हुने जम्मा रु ४२ लाख बजेट विनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकाका जनप्रतिनिधिको आगामी आ. व. २०८१/०८२ को सेवा सुविधाको लागि आवश्यक रकम विनियोजन गरेको छु । डुङ्गेश्वर गाउँपालिकाका सम्पूर्ण (स्थायी, अस्थायी, करार र ज्यालादारीमा कार्यरत) कर्मचारी तथा गाउँपालिका अनुदान शिक्षक र कर्मचारीहरुको आगामी आ.ब. २०८१/०८२ को तलब भत्ता खर्चको लागि आवश्यक रकम विनियोजन गरेको छु । यसको विस्तृत विवरण अनुसुचि मा समावेश गरिएको छ ।

**सभा अध्यक्ष महोदय**

अब म नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु पेश गर्न अनुमति चाहन्छु ।

- डुङ्गेश्वर गाउँपालिकालाई नेपाल सरकारको सर्सत अनुदानबाट रु १५ करोड ७९ लाख १५ हजार बराबरका योजना तथा कार्यक्रमहरु हस्तान्तरित भई प्राप्त भएका छन । उक्त बजेट तथा कार्यक्रममा समावेश भएका बजेट तथा कार्यक्रमहरु अनुसुची विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।
- डुङ्गेश्वर गाउँपालिकालाई कर्णाली प्रदेश सरकार सर्सत अनुदानबाट रु ७ करोड २५ लाख २४ हजार बराबरका योजना तथा कार्यक्रमहरु हस्तान्तरित भई प्राप्त भएका छन । उक्त बजेट तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरु अनुसुची मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।
- संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट चालु खर्च तर्फको **<u>३० करोड ०३ लाख २८ हजार १ सय ७४ रुपैया</u>** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।
- संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत तथा मौज्जात परामर्श सेवा अन्तर्गत डुङ्गेश्वर गाउँपालिकामा वित्तीय हस्तान्तरण भई आएको रकमबाट पूँजीगत खर्च तर्फको **<u>११ करोड ३८ लाख ४४ हजार रुपैयाँ</u>** व्यय हुने अनुमान गरि बजेट बिनियोजन गरेको छु ।
- डुङ्गेश्वर गाउँपालिकालाई संघीय सरकार, प्रदेश सरकार, आन्तरिक श्रोत, मौज्जात परामर्श सेवा तथा अन्य कार्यक्रमबाट

**"सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार"** समेत गरी कुल बजेट ४१ **करोड ४१ लाख ७२ हजार १ सय ७४ रुपैयाँ** व्यय हुने यस गरिमामय गाउँसभामा अनुमान गरि बजेट बिनियोजन गरेको छु ।

डुङ्गेश्वर गाउँपालिकाको आ.व २०८१/०८२ को बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनबाट डुङ्गेश्वर गाउँपालिकाको राजनीतिक, आर्थिक, भौतिक पूर्वाधार, सामाजिक र सांस्कृतिक तथा वातावरणीय क्षेत्रमा उल्लेख्य सुधार हुने विश्वास लिएको छु । अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तयारीका क्रममा सल्लाह, सुझाव र योगदान गर्नु हुने संघीय प्रतिनिधी सभाका सांसदज्यूहरु र प्रदेश सभाका माननीय मन्त्रीज्यू, प्रदेश सभाका माननीय सदस्यज्यूहरु, गाउँपालिका अध्यक्षज्यू, सम्पुर्ण वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, बिषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, स्थानीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, नागरिक समाज, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, कर्मचारी मित्रहरु, सम्पूर्ण सरोकारवाला तथा डुङ्गेश्वरबासीहरु प्रति हृदयदेखि आभार र कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद ।**

कलावती न्यौपाने

उपाध्यक्ष

डुङ्गेश्वर गाउँपालिका दैलेख ।

# डुङ्गेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय, दैलेख

## संचित कोषबाट बिनियोजन हुने अनुमानको खर्च शिर्षकगत र श्रोतगत बिबरण

आ.व. : २०८१/८२

| शीर्षक | स्रोत | निकासा बिधि | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | संघीय सरकार | प्रदेश सरकार | अन्तरिक श्रोत |
| ८०६६७५०३३०० डुङ्गेश्वर गाउँपालिका, दैलेख | | | ४१,४१,७२,१७४.०० | २४,३६,१५,०००.०० | ७,२५,२४,०००.०० | ९,८०,३३,१७४.०० |
| ८०६६७५०३१०१ डुङ्गेश्वर गाउँपालिका | | | ६,३९,०१,०००.०० | ४,४०,१०,०००.०० | २५,०१,०००.०० | १,७३,९०,०००.०० |
| २११३९ अन्य भत्ता | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| २११३९ अन्य भत्ता | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० |
| २१२१४ कर्मचारी कल्याण कोष | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| २२१११ पानी तथा बिजुली | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० | ०.०० |
| २२११२ संचार महसुल | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| २२११२ संचार महसुल | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २२२११ इन्धन (पदाधिकारी) | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | समानिकरण अनुदान | नगद अनुदान | ९,००,०००.०० | ९,००,०००.०० | ०.०० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | समानिकरण अनुदान | नगद अनुदान | २,९९,०००.०० | २,९९,०००.०० | ०.०० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | समानिकरण अनुदान | नगद अनुदान | १,०१,०००.०० | ०.०० | १,०१,०००.०० | ०.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | २५,००,०००.०० | ०.०० | ०.०० | २५,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | १,३३,००,०००.०० | १,३३,००,०००.०० | ०.०० | ०.०० |
| २२६१२ भ्रमण खर्च | समानिकरण अनुदान | नगद अनुदान | ८,००,०००.०० | ८,००,०००.०० | ०.०० | ०.०० |
| २२६१२ भ्रमण खर्च | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | ०.०० | ०.०० | ७,००,०००.०० |
| २२७११ विविध खर्च | आन्तरिक श्रोत | नगद | १,००,०००.०० | ०.०० | ०.०० | १,००,०००.०० |
| २२७११ विविध खर्च | समानिकरण अनुदान | नगद अनुदान | १२,००,०००.०० | १२,००,०००.०० | ०.०० | ०.०० |
| २२७२१ सभा सञ्चालन खर्च | समानिकरण अनुदान | नगद अनुदान | ४,००,०००.०० | ४,००,०००.०० | ०.०० | ०.०० |
| २७२११ छात्रवृत्ति | आन्तरिक श्रोत | नगद | ७,००,०००.०० | ०.०० | ०.०० | ७,००,०००.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | आन्तरिक श्रोत | नगद | २५,००,०००.०० | ०.०० | ०.०० | २५,००,०००.०० |
| ३१११४ जग्गा विकास कार्य | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | ०.०० | ०.०० | ४,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ११,००,०००.०० | ०.०० | ११,००,०००.०० | ०.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | समानिकरण अनुदान | नगद अनुदान | २,५२,११,०००.०० | २,५२,११,०००.०० | ०.०० | ०.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | आन्तरिक श्रोत | नगद | ४७,९०,०००.०० | ०.०० | ०.०० | ४७,९०,०००.०० |

| शीर्षक | स्रोत | निकासा बिधि | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | संघीय सरकार | प्रदेश सरकार | अन्तरिक श्रोत |
| ३१४११ जग्गाप्राप्ति खर्च | आन्तरिक श्रोत | नगद | १०,००,०००.०० | ०.०० | ०.०० | १०,००,०००.०० |
| ८०६६७५०३१०२ वडागत प्रशासनिक खर्च | | | ४२,००,०००.०० | ३०,००,०००.०० | ०.०० | १२,००,०००.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | समानिकरण अनुदान | नगद अनुदान | १३,५०,०००.०० | १३,५०,०००.०० | ०.०० | ०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | आन्तरिक श्रोत | नगद | ६,००,०००.०० | ०.०० | ०.०० | ६,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० | ०.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | समानिकरण अनुदान | नगद अनुदान | ९,००,०००.०० | ९,००,०००.०० | ०.०० | ०.०० |
| २२६१२ भ्रमण खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| २२७११ विविध खर्च | समानिकरण अनुदान | नगद अनुदान | ४,५०,०००.०० | ४,५०,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३१०३ राजश्व वाडफाड संघीय सरकार | | | ७,७५,००,०००.०० | ०.०० | ०.०० | ७,७५,००,०००.०० |
| २११११ पारिश्रमिक कर्मचारी | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ६,५२,७२,०००.०० | ०.०० | ०.०० | ६,५२,७२,०००.०० |
| २१११२ पारिश्रमिक पदाधिकारी | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ५०,००,०००.०० | ०.०० | ०.०० | ५०,००,०००.०० |
| २२११२ संचार महसुल | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | २,००,०००.०० | ०.०० | ०.०० | २,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | १४,५०,००१.०० | ०.०० | ०.०० | १४,५०,००१.०० |
| २२४११ सेवा र परामर्श खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | २०,००,०००.०० | ०.०० | ०.०० | २०,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ९,५०,०००.०० | ०.०० | ०.०० | ९,५०,०००.०० |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ७,००,०००.०० | ०.०० | ०.०० | ७,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | १,२७,९९९.०० | ०.०० | ०.०० | १,२७,९९९.०० |
| २२६१२ भ्रमण खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २२६१९ अन्य भ्रमण खर्च | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ५,००,०००.०० | ०.०० | ०.०० | ५,००,०००.०० |
| २८१४९ अन्य भाडा | राजस्व बाँडफाँड - संघीय सरकार | नगद | ८,००,०००.०० | ०.०० | ०.०० | ८,००,०००.०० |
| ८०६६७५०३१०४ अध्यक्ष कोष | | | ४०,००,०००.०० | २९,९०,०००.०० | १०,१०,०००.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | २९,९०,०००.०० | २९,९०,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १०,१०,०००.०० | ०.०० | १०,१०,०००.०० | ०.०० |
| ८०६६७५०३२०१ डुङ्गेश्वर गाउँपालिकावडा नं.१ | | | ४६,००,०००.०० | ४६,००,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११२२ मेशिनरी तथा औजार | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३२०२ डुङ्गेश्वर गाउँपालिकावडा नं.२ | | | ४८,००,०००.०० | ४८,००,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| २७२१३ औषधीखरिद खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |

| शीर्षक | स्रोत | निकासा बिधि | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | संघीय सरकार | प्रदेश सरकार | अन्तरिक श्रोत |
| ३११११ आवासीय भवन निर्माण/खरिद | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | समानिकरण अनुदान | नगद अनुदान | ८,५०,०००.०० | ८,५०,०००.०० | ०.०० | ०.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| ३११२१ सवारी साधन | समानिकरण अनुदान | नगद अनुदान | ३,५०,०००.०० | ३,५०,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३२०३ डुङ्गेश्वर गाउँपालिकावडा नं.३ | | | ४४,००,०००.०० | ४४,००,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ८,००,०००.०० | ८,००,०००.०० | ०.०० | ०.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११२२ मेशिनरी तथा औजार | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १०,००,०००.०० | १०,००,०००.०० | ०.०० | ०.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३२०४ डुङ्गेश्वर गाउँपालिकावडा नं.४ | | | ४३,००,०००.०० | ४३,००,०००.०० | ०.०० | ०.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | समानिकरण अनुदान | नगद अनुदान | १२,००,०००.०० | १२,००,०००.०० | ०.०० | ०.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ६,००,०००.०० | ६,००,०००.०० | ०.०० | ०.०० |
| ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | समानिकरण अनुदान | नगद अनुदान | ९,००,०००.०० | ९,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३२०५ डुङ्गेश्वर गाउँपालिकावडा नं.५ | | | ४५,००,०००.०० | ४५,००,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ७,००,०००.०० | ७,००,०००.०० | ०.०० | ०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११४१ सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १२,००,०००.०० | १२,००,०००.०० | ०.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | समानिकरण अनुदान | नगद अनुदान | ११,००,०००.०० | ११,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३२०६ डुङ्गेश्वर गाउँपालिकावडा नं.६ | | | ४५,००,०००.०० | ४५,००,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | १३,५०,०००.०० | १३,५०,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १७,००,०००.०० | १७,००,०००.०० | ०.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | समानिकरण अनुदान | नगद अनुदान | १४,५०,०००.०० | १४,५०,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३३०१ डुङ्गेश्वर गाउँपालिका - शिक्षा | | | १८,००,०००.०० | ०.०० | १५,९०,०००.०० | २,१०,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | ९०,०००.०० | ०.०० | ०.०० | ९०,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | १,२०,०००.०० | ०.०० | ०.०० | १,२०,०००.०० |

| शीर्षक | स्रोत | निकासा बिधि | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | संघीय सरकार | प्रदेश सरकार | अन्तरिक श्रोत |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | १५,९०,०००.०० | ०.०० | १५,९०,०००.०० | ०.०० |
| ८०६६७५०३३०२ डुङ्गेश्वर गाउँपालिका - स्वास्थ्य | | | १८,००,०००.०० | ०.०० | १५,००,०००.०० | ३,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ८०६६७५०३३०३ डुङ्गेश्वर गाउँपालिका - कृषि | | | १२,००,०००.०० | ०.०० | ९,००,०००.०० | ३,००,०००.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ४,५०,०००.०० | ०.०० | ४,५०,०००.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | समानिकरण अनुदान | नगद अनुदान | ४,५०,०००.०० | ०.०० | ४,५०,०००.०० | ०.०० |
| ८०६६७५०३३०४ महिला बालबालिका तथा समाज कल्याण इकाई | | | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३३०५ डुङ्गेश्वर गाउँपालिका- पशु विकास शाखा | | | ११,००,०००.०० | ०.०० | ८,००,०००.०० | ३,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ०.०० | ३,००,०००.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | आन्तरिक श्रोत | नगद | ३,००,०००.०० | ०.०० | ०.०० | ३,००,०००.०० |
| २५२२२ वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | समानिकरण अनुदान | नगद अनुदान | ५,००,०००.०० | ०.०० | ५,००,०००.०० | ०.०० |
| ८०६६७५०३३०६ डुङ्गेश्वर गाउँपालिका- न्यायिक समिति शाखा | | | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | ३,००,०००.०० | ३,००,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३३०७ डुङ्गेश्वर गाउँपालिका- सुचना प्रविधि शाखा | | | ५,००,०००.०० | ५,००,०००.०० | ०.०० | ०.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | समानिकरण अनुदान | नगद अनुदान | २,५०,०००.०० | २,५०,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | समानिकरण अनुदान | नगद अनुदान | २,५०,०००.०० | २,५०,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३५०४ राजश्व वाडफाड प्रदेश सरकार | | | ८,३३,१७४.०० | ०.०० | ०.०० | ८,३३,१७४.०० |
| २११३९ अन्य भत्ता | राजस्व बाँडफाँड - प्रदेश सरकार | नगद | ८,३३,१७४.०० | ०.०० | ०.०० | ८,३३,१७४.०० |
| ८०६६७५०३५०५ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | ३,५०,२३,०००.०० | ०.०० | ३,५०,२३,०००.०० | ०.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | शसर्त अनुदान चालु | नगद अनुदान | १,८०,०००.०० | ०.०० | १,८०,०००.०० | ०.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २७,००,०००.०० | ०.०० | २७,००,०००.०० | ०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ४५,००,०००.०० | ०.०० | ४५,००,०००.०० | ०.०० |
| ३१११४ जग्गा विकास कार्य | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २०,०००.०० | ०.०० | २०,०००.०० | ०.०० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ३,५०,०००.०० | ०.०० | ३,५०,०००.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | १,४०,००,०००.०० | ०.०० | १,४०,००,०००.०० | ०.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २०,००,०००.०० | ०.०० | २०,००,०००.०० | ०.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | २७,००,०००.०० | ०.०० | २७,००,०००.०० | ०.०० |
| ३११५६ खानेपानी संरचना निर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० | ०.०० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० | ०.०० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | ३०,००,०००.०० | ०.०० | ३०,००,०००.०० | ०.०० |
| ३१५११ भैपरी आउने पूँजीगत | शसर्त अनुदान पुँजीगत | नगद अनुदान | १०,७३,०००.०० | ०.०० | १०,७३,०००.०० | ०.०० |
| ८०६६७५०३५०७ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान ) | | | १,९२,००,०००.०० | ०.०० | १,९२,००,०००.०० | ०.०० |
| २६३२२ स्थानीय तहलाइ सःशर्त पुँजीगत अनुदान | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | १,९२,००,०००.०० | ०.०० | १,९२,००,०००.०० | ०.०० |
| ८०६६७५०३५११ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | | | १५,७९,१५,०००.०० | १५,७९,१५,०००.०० | ०.०० | ०.०० |

| शीर्षक | स्रोत | निकासा बिधि | २०८१/८२ | | | |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | संघीय सरकार | प्रदेश सरकार | अन्तरिक श्रोत |
| २११११ पारिश्रमिक कर्मचारी | शसर्त अनुदान चालु | नगद अनुदान | ११,३०,२७,०००.०० | ११,३०,२७,०००.०० | ०.०० | ०.०० |
| २११२१ पोशाक | शसर्त अनुदान चालु | नगद अनुदान | ६०,०००.०० | ६०,०००.०० | ०.०० | ०.०० |
| २११३१ स्थानीय भत्ता | शसर्त अनुदान चालु | नगद अनुदान | ३,४२,०००.०० | ३,४२,०००.०० | ०.०० | ०.०० |
| २२५२२ कार्यक्रम खर्च | शसर्त अनुदान चालु | नगद अनुदान | ४,४४,६२,०००.०० | ४,४४,६२,०००.०० | ०.०० | ०.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | शसर्त अनुदान चालु | नगद अनुदान | २४,०००.०० | २४,०००.०० | ०.०० | ०.०० |
| ८०६६७५०३५१२ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | | | १,००,००,०००.०० | ०.०० | १,००,००,०००.०० | ०.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | विषेश अनुदान पुँजीगत | नगद अनुदान | १,००,००,०००.०० | ०.०० | १,००,००,०००.०० | ०.०० |
| ८०६६७५०३५१३ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | | | ७३,००,०००.०० | ७३,००,०००.०० | ०.०० | ०.०० |
| ३११५१ सडक तथा पूल निर्माण | समपुरक अनुदान पुँजीगत | नगद अनुदान | ७३,००,०००.०० | ७३,००,०००.०० | ०.०० | ०.०० |